म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्षः१४ अङ्कः- ११७ २०७९ चैत ७ गते मंगलबार 21 March 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

गर्मी याममा,

- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडलगायत रोगको जोखिम बढी हुन्छ ।
- लामखुट्टे, झिँगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## स्ववियु निर्वाचन-२०७९

# मकवानपुर क्याम्पसमा छोइसाङ, वन विज्ञानमा दीपेन्द्र विजयी



छोइसाङ लामा नेतृत्वमा विजयी प्यानलका सदस्य र समर्थकहरु मकवानपुर क्याम्पस अगाडि ।

समाज संवाददाता

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा हेटौंडाको मकवानपुर बहुमुखी क्याम्पसमा अखिल क्रान्तिकारीका उम्मेदवार छोइसाङ लामा र वन विज्ञान अध्ययन संस्थानमा नेपाल विद्यार्थी संघ (नेविसं) का दीपेन्द्र कँडेल विजयी भएका छन् । सोमबार बिहान सम्पन्न मतगणनाअनुसार मकवानपुर बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को अध्यक्षमा अखिल क्रान्तिकारीका छोइसाङ लामा ८ सय १३ मत प्राप्त गरी विजयी भएका हुन् । अध्यक्षका अर्का आकांक्षी अनेरास्ववियुका नवराज शर्माले ६ सय ८२ मत प्राप्त गरे ।

सचिवमा क्रान्तिकारीका वर्षाद घिमिरे ७ सय ६७ मत प्राप्त गरी विजयी हुँदै गर्दा प्रतिस्पर्धी अनेरास्ववियुका विश्वास पराजुलीले ७ सय ५० मत प्राप्त गरे । कोषाध्यक्षमा अनेरास्ववियुकी हिमानी कुमारी सुवेदी निर्वाचित भइन् । सुवेदीले ८ सय ४ मत प्राप्त गर्दा प्रतिस्पर्धी क्रान्तिकारीका उद्धव प्रसाद अधिकारीले ७ सय २ मत प्राप्त गरे ।

यस्तै सदस्यहरुमा क्रान्तिकारीबाट नारायण पुडासैनी (७८१ मत), सुजन सिलवाल (७५५ मत) र राहुल डिम्डुङ (७६६ मत) निर्वाचित भएका छन् भने अनेरास्ववियुबाट प्रसिद्ध रेग्मी (७६६ मत), प्रशन श्रेष्ठ (७६६ मत), कुशल पराजुली (८०१ मत), दिपेश कार्की (७६६ मत) र झरना थिङ (७५५ मत) निर्वाचित भएका छन् । ३ हजार ९१ मतदाता रहेको मकवानपुर बहुमुखी क्याम्पसमा १ हजार ५ सय ७४ मत खसेको थियो ।

यता वन विज्ञान अध्ययन संस्थानमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को अध्यक्षमा नेविसंघका दीपेन्द्र कँडेल विजयी हुनुभएको छ । अन्तिम मतपरिणाम अनुसार कँडेलले २ सय १४ मत प्राप्त गरेका हुन् । सचिवमा अनेरास्ववियुका किस्मत रेगमी २ सय ६ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ । यस्तै, कोषाध्यक्षमा अखिल क्रान्तिकारीकी बिपना खड्का मगर २ सय १३ मत प्राप्त गरी बिजयी भएकी छिन् । सदस्यमा अखिल क्रान्तिकारीका छत्र शाही (२१४ मत), अखिल क्रान्तिकारीकी रोशनी परियार (२१२ मत), अखिल क्रान्तिकारीका प्रेम बस्नेत (२१३ मत), नेविसंघकी सुमित्राकुमारी मगर (२१९ मत) र नेविसंघका कृष्णप्रसाद सुवेदी (२१२ मत) प्राप्त गरी विजयी भएका छन् । वन विज्ञान अध्ययन संस्थानमा ४ सय ३९ मतदाता रहेकोमा ४ सय १७ जनाले मतदान गरेका थिए ।

त्रिभुवन विश्वविद्यालयको एउटा आंगिक क्याम्पससहित मकवानपुर जिल्लामा ८ वटा क्याम्पसमा स्ववियु निर्वाचन भएको छ । आइतबार नै सार्वजनिक भएको मतपरिणामअनुसार हेटौंडा क्याम्पसमा अनेरास्ववियुका अभि मैनाली, मनहरी बहुमुखी क्याम्पसमा अनेरास्ववियूका कुमार घिसिङ, हटिया-जनप्रिय बहुमुखी क्याम्पसमा अनेरास्ववियु क्रान्तिकारी विप्लवकी मुना गोले, वंशगोपाल बहुमुखी क्याम्पसमा अनेरास्ववियूका दिवस सिलवाल र निर्मल बहुमुखी क्याम्पसमा अनेरास्ववियुका सरोज अर्याल निर्वाचित भएका छन् ।

स्ववियु निर्वाचनमा मकवानपुर बहुमुखी क्याम्पसमा ३ हजार ९१ मतदातामध्ये १ हजार ५ सय ७४ मत खसेको थियो भने हेटौंडा क्याम्पसमा ८९७ मतदाता विद्यार्थीमध्ये ४ सय ७७ मत खसेको थियो । वन विज्ञान संस्थास्थानमा ४ सय ३९ मतमध्ये ४ सय १७ मत खसेको थियो । यस्तै बंशगोपाल बहुमुखी क्याम्पसमा ३१ जना मतदातामध्ये २७ मत खसेको थियो । मनहरी बहुमुखी क्याम्पसमा ६० जना मतदातामध्ये ५६ मत खसेको थियो । यस्तै निर्मल बहुमुखी क्याम्पसमा २१० मतदाता भए पनि १ सय ८८ मत मात्रै खसेको छ । जनप्रिय बहुमुखी क्याम्पसमा जम्मा ५६ मतादाता रहेका मध्ये ४९ जनाले मतदान गरेका थिए । थाहा नगरपालिकास्थित पालुङ बहुमुखी क्याम्पसमा भने सर्वसम्मत नयाँ नेतृत्व चलन भएको छ ।

## प्रतिष्ठानको रेक्टरमा डा. शेरचन नियुक्त

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रेक्टरमा डा. सुरेन्द्र शेरचन नियुक्त हुनुभएको छ । उहाँलाई सोमबार प्रतिष्ठानका उपकुलपति डा. विश्वराज जोशीले पद तथा गोपनीयताको सपथग्रहण गराउनुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मुख्यमन्त्री शालिकराम जम्कट्टेल, स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठ, श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठको उपस्थितिमा सपथग्रहण गराउनुभएको हो । यसअघिका रेक्टर डा. सतिश कुमार देवले राजिनामा दिनुभएपछि स्वास्थ्य मन्त्रालयले डा. शेरचनलाई रेक्टरमा नियुक्त गरेको हो । प्रतिष्ठानमा रेक्टर शिक्षाध्यक्ष हुने प्रावधान छ ।

## सिन्धुपाल्चोकमा वृद्धको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङपाल गाउँपालिका-३, ठूलोभोताङमा एकजनाको शव फेला परेको छ । शव फेला पर्नेमा थाङपाल गाउँपालिका-२, याग्री बस्ने ७३ वर्षीय वृद्ध सङ्बो स्याङ्बो रहेको प्रहरीले जानकारी दिएको छ। स्याङ्बो गत फागुन २ गतेदेखि घरबाट हराइरहेकोमा आइतबार सोही स्थानको भिरबाट लडी ४०० मिटर तल मृत फेला परेको प्रहरीले जानकारी दिएको छ।

## थाहामा एक महिला मृत फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिका-६ मा एकजना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा सोही स्थानकी ४० वर्षीया निर्मला बलामी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ। बलामी आफ्नै घरमा सुतेको अवस्थामा मृत फेला परेकी थिइन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# हेटौंडा अस्पतालमा हाडजोर्नीका बिरामी बढ्दो



समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा हाडजोर्नी (अर्थोपेडिक) सम्बन्धी बिरामीको संख्या दिन प्रतिदिन बढ्दोरुपमा रहेको छ । विगतमा दैनिक एक सय जनादेखि १५० जनासम्म हाडजोर्नी रोगसम्बन्धी बिरामी उपचारका लागि आउने गरेकोमा अहिले ३ सय जनादेखि ३५० जनासम्म बिरामी आउने गरेको हेटौंडा अस्पतालका हाडजोर्नी रोग विशेषज्ञ डा. रविराज देवकोटाले जानकारी दिनुभयो ।

हेटौंडा अस्पतालमा हप्ताको दुई दिन आइतबार र सोमबार अपरेशन गर्ने र बाँकी दिन सामान्य जाँच गर्ने गरिन्छ । माघ महिनामा १३ जना महिला र ११ जना पुरुष गरी २४ जनाको ठूलो अपरेशन गरिएको छ । यस्तै, ६ जना महिला र ५ जना पुरुषको सामान्य अपरेशन गरिएको छ ।

विगतमा हाडजोर्नी रोग विशेषज्ञ डाक्टर २ जना रहेकोमा बिरामीको संख्या बढ्न थालेपछि हेटौंडा अस्पतालमा अहिले ६ जना हाडजोर्नी रोग विशेषज्ञ डाक्टर रहेको बताइएको छ। सडक दुर्घटनासम्बन्धी बिरामी उपचारका लागि बढी आउने गरेको डा. देवकोटाले जानकारी दिनुभयो। लापरबाही गरेर सवारी साधन चलाउने तथा किशोरकिशोरीले सवारी साधन राम्रोसँग नसिकी चलाउनाले सवारी दुर्घटना बढेको उहाँले जानकारी दिनुभयो । उमेर बढ्दै गएपछि हाडजोर्नीसम्बन्धी समस्या बढी देखिने गरेको र नशासम्बन्धी रोग, बाथ रोग, युरिक एसिडका बिरामी पनि उपचारको लागि आउने गरेको डा. देवकोटाले जानकारी दिनुभयो ।

## हार्दिक बधाई



स्वतन्त्र विद्यार्थी युनियनको चैत ५ गते सम्पन्न निर्वाचनबाट मकवानपुर बहुमुखी क्याम्पसमा अनेरास्ववियु (क्रान्तिकारी) बाट उम्मेद्वार बनी अध्यक्ष पदमा निर्वाचित छोइसाङ लामासहित सचिवमा वर्षाद घिमिरेसहित सम्पूर्ण निर्वाचित पदाधिकारी तथा सदस्यलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

श्याम बहादुर छत्कुली, अध्यक्ष

एवम् नेपाल राष्ट्रिय प्राध्यापक संगठन मकवानपुर परिवार

हेटौंडा, मकवानपुर

# प्रधानमन्त्री प्रचण्डले पाए विश्वासको मत

काठमाडौंः प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधिसभामा विश्वासको मत पाएका छन् । सोमबार प्रधानमन्त्रीले आफूलाई प्रतिनिधिसभाको विश्वास छ भनी राखेको प्रस्तावको पक्षमा १७२ सांसदले समर्थन जनाए। ८९ सांसदले उक्त प्रस्तावको विपक्षमा मत दिए ।

१ जनाले मत दिएनन् । मतदानमा २६२ सांसदले भाग लिएका थिए । १० पुसमा नेकपा एमालेसहितका दलको समर्थनमा प्रधानमन्त्री भएपछि २६ पुसमा विश्वासको मत लिएका प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति निर्वाचनमा नेपाली कांग्रेससँग गठबन्धन गरेपछि एमाले र राप्रपाले समर्थन फिर्ता लिएका थिए । सरकारलाई समर्थन दिएका दलले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेका कारण प्रधानमन्त्रीले साढे दुई महिनाभित्रै दोस्रो पटक विश्वासको मत लिनुपरेको हो ।

सोमबार प्रतिनिधिसभामा प्रधानमन्त्रीलाई नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चाका सांसद र स्वतन्त्र सांसदहरु प्रभु साह, अमरेशकुमार सिंहलगायतले विश्वासको मत दिए । नेकपा एमाले, राप्रपा र नेपाल मजदुर किसान पार्टीका सांसदले प्रधानमन्त्रीको विश्वासको मतको विपक्षमा मतदान गरे । स्रोतः अनलाइनखबर ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर

The Voice of Community

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी,

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि

हेटौंडा-२, नगरपालिकारोड

०५७-५२४६९४/९८४३०२८६३५

KB Group of Engineering Pvt. Ltd.

## विद्यार्थी भिषामा JAPAN

जानको लागी October Intake 2023

जापानीज कक्षा सञ्चालन भईरहेको छ ।

HIT EDUCATION

Hetauda-4, Ajar Amar Road, Sigma Complex 4th Floor, Makawanpur

Cont: 057-591400, 9855071400, 9845624441

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## रासायनिक मलको समस्या

हाम्रो देश नेपाललाई कृषिप्रधान देश पनि भन्ने गरिन्छ । यहाँका आधाभन्दा बढी जनसंख्या कृषिमा आश्रित भएका कारण कृषिप्रधान देश भनिएको छ । कृषिप्रधान देश भए पनि कृषि उत्पादनको अवस्था भने निराशाजनक रहेको छ । कृषि बालीका लागि आवश्यक पर्ने सिंचाई सुविधा तथा मल, बिउ, औषधीलगायत कृषि सामग्रीको उचित व्यवस्था हुन नसक्दा कृषि उत्पादन बढ्न सकेको छैन । कृषिप्रधान भनिने देशले नै अधिकांश कृषि उत्पादनहरु विदेशबाट आयात गर्नुपर्ने अवस्था बनिरहेको छ । सबैजसो कृषि उपज विदेशबाट आयात गर्दा कृषिको आधुनिकीकरण र व्यावसायीकरणको नारासहित लागू भएका दर्जनौं कृषिसम्बन्धी कार्यक्रमहरु निरर्थक बनिरहेका छन् । कृषि उत्पादन वृद्धिको लागि महत्वपूर्ण मानिएको रासायनिक मल देशभित्रै उत्पादन हुन सकेको छैन भने विदेशबाट समयमा आयातसमेत हुन सकेको छैन । यसले मुलुकको कृषिको अवस्थालाई छर्लङ्ग बनाउनुका साथै कृषिमा सरकारको प्राथमिकतालाई पनि देखाउँछ ।

समयमा रासायनिक मल आपूर्तिको व्यवस्था मिलाउन जहिल्यै असफल भइरहेको सरकारले रासयानिक मलमा किसानलाई दिँदै आएको अनुदानसमेत घटाएको छ । यसले मलको बिक्री मूल्य बढेको छ । सरकारले मल खरिदमा किसानलाई समग्रमा ७० प्रतिशत अनुदान दिँदै आएकोमा कटौती गरेर ५९.४ प्रतिशतमा झारेको हो । युरिया मलको अनुदान ८०.११ प्रतिशतबाट घटाएर ६४.४९ प्रतिशत, डीएपी मलको अनुदान ५९.४ प्रतिशतबाट घटाएर ५२.३८ प्रतिशत र पोटासमा ५८.२ प्रतिशतबाट घटाएर ४६.०९ प्रतिशत कायम गरेको छ । अनुदान कटौतीसँगै अब किसानले युरिया मल प्रतिकिलोमा ११ रुपैयाँ, डीएपी ७ रुपैयाँ र पोटास ९ रुपैयाँले महँगो पर्नेछ । बढेको मूल्यअनुसार किसानले यूरिया मलको प्रतिकिलो मूल्य २५ रुपैयाँ, डीएपीको ५० रुपैयाँ र पोटासको ४० रुपैयाँ तिर्नुपर्नेछ । यसअघि १४ रुपैयाँमा यूरिया, ४३ रुपैयाँ किलोमा डीएपी र ३१ रुपैयाँ किलोमा पोटास मल किन्न पाइन्थ्यो ।

कृषि उत्पादन वृद्धिका लागि अत्यावश्यक रासायनिक मल समयमा नपाउँदा सधैं किसान पीडित बन्ने गरेका छन् । रासायनिक मलको अभावमा कृषि उत्पादनमा कमी आउने गरेको छ । कृषि उत्पादन वृद्धि गर्ने र किसानलाई सहुलियत दिने भन्दै सरकारले रासायनिक मलमा अनुदान दिने गरेको भए समयमा मल उपलब्ध गराउन सकेको छैन । अनुदानको मल नपाउँदा किसान दोहोरो मर्कामा परेका छन् । एकातिर अनुदानको मल नपाउँदा किसानले महंगो मूल्यमा गुणस्तरहीन मल किन्नुपर्ने बाध्यता छ भने अर्कोतिर कृषि उत्पादनमा हुने ह्रासका कारण किसान थप मारमा पर्दै आएका छन् । समयमा मल उपलब्ध गराउने प्रबन्ध मिलाउन नसकेको सरकारले रासायनिक मलको अुनदानमा धेरै रकम खर्च भएको भन्दै अनुदान घटाए पनि मल ल्याउने उचित व्यवस्था गरेको छैन । रासायनिक मल ल्याउने ग्यारेन्टी नहुने भएकाले अनुदान घटाउनु वा बढाउनुसँग किसानलाई खासै सम्बन्ध छैन । तापनि किसानलाई सहुलियत दिनुपर्ने सरकारले उल्टै अनुदान कटौती गर्नु उपयुक्त होइन । मलमा अनुदान कटौती गर्ने सरकारको निर्णयको एमाले तथा राप्रपालगायत दलहरुले बिरोधसमेत गरेका छन् ।

हिउँदे वर्षापछि अब किसानले खेतबारीमा बाली लगाउने समय भएको छ । यस्तो बेलामा आवश्यक मल नपाउने समस्याले किसानहरु हैरान हुने गरेका छन् । वर्षेनि देखिने यस्तो समस्या सरकारका लागि भने सामान्य बन्ने गरेको छ । खेती किसानी गर्ने हेरक व्यक्तिले चाहेजति मल, चाहेको समयमा र चाहेको ठाउँमा किन्न पाउनुपर्छ । खेतीपाती गर्ने न्यून आए भएका किसानलाई सहुलियतमा मल उपलब्ध गराउन सकेमा अझ राम्रो हुन्छ । सरकारले अनुदान घटाउने वा बढाउने भन्दा पनि आवश्यक समयमा हरेक किसानले आफूलाई पायक पर्ने ठाउँबाट गुणस्तरीय मल उचित मूल्यमा किन्न पाउने ग्यारेन्टी सरकारले गरिदिनु आवश्यक छ । सरकारले अनुदान प्रणालीलाई व्यवस्थित बनाई मलको ब्यापारमा हुने बिचौलियाको वर्चश्वलाई अन्त्य गरेर किसानलाई समयमै मल उपलब्ध गराउन गम्भीर बन्नुपर्छ ।

# विकासे सपनामा बरालिएको हाम्रो चेत



✍कृष्णप्रसाद पौडेल

अहिले खाना र प्रकृतिमा भएको समानान्तर विघटनले मानिसलगायत समग्र प्रकृतिमा दिनदिनै अनपेक्षित संकट थपिँदै गएका छन् । कृत्रिम रसायन र विषादीको प्रयोग बढ्दो छ । खनिज ऊर्जा र प्रकृति दोहनले पर्यावरण निरन्तर विघटित छ । प्रदूषित हावापानी र वातावरणले नसर्ने दीर्घ रोग बढिरहेको छ । मानव जीवनका प्राथमिक आधार हावा, पानी र प्रकृतिको स्वास्थ्य अकल्पनीय रूपमा बिग्रेको छ ।

यीसँगै, खाद्यान्न अभाव अहिले सबैभन्दा जल्दोबल्दो समस्या बनेको छ । यसबाट खेतीपाती गरेर जीवन निर्वाह गर्ने श्रमजीवी किसान अहिले सबैभन्दा प्रभावित छन् । आम्दानी र रोजगारी नभएका आम मानिसलाई परिवारको खाद्य संकट टार्न र अन्य सामाजिक आर्थिक व्यवहार चलाउन मुश्किल भएको छ । आम समुदाय यस्ता व्यवहार चलाउन चाहिने नगदको जोहो गर्ने क्रममा वित्तीय उत्पीडनको नयाँ भूमरीमा फसेका छन् ।

विपन्न किसान समुदायले दैनिक गर्जो टार्न, सामाजिक व्यवहार चलाउन, स्वास्थ्य उपचार गर्न, बालबच्चाको शिक्षादीक्षा गराउन र परिवारका सदस्यलाई मुग्लान पठाउने बन्दोबस्त मिलाउन मिटर ब्याजी, लघुवित्त र बैंकबाट चर्को ब्याजमा ऋण लिन बाध्य छन् । यो बाध्यतामा गाउँघरका साहु महाजनले थप खेलबाड गरेर उनीहरूको सम्पत्ति हडप्ने, जमिनबाट बेदखल गर्ने र मानसिक यातना दिने समेत गरिरहेका छन् ।

यस्ता ऋणबाट मुक्त हुन सकिन्छ कि भनेर बैंक र लघुवित्तको शरणमा पुगेका गाउँले उल्टै यस्ता वित्तीय संस्थाको किस्ता र चर्को ब्याजको चपेटामा परेका छन् । सबैतिर चर्को ब्याज र ठगीको कहालीलाग्दो अवस्था छ । खाना, नाना र छानाको बन्दोबस्त नभएका तर सबैतिरबाट उपेक्षित सीमान्तकृत समुदाय यसबाट सबैभन्दा बढी ठगीमा परेका छन् । एउटाको किस्ता तिर्न अर्कोबाट ऋण लिने र सावाँ-ब्याज थपिँदै जाँदा घरजग्गा लिलाम भएर उठीबास भएका हजारौं उदाहरण छरपष्ट छन् ।

यो सबै सहन विवश हजारौं पीडित समुदाय अहिले यो अत्याचारका विरुद्ध सडकमा ओर्लिएका छन् । उनीहरू आफ्ना पीडा र दुःखका कथा-व्यथा बोकेर जिल्ला सदरमुकाम हुँदै राजधानी धाएका छन् । यससँगै दलालका मतियारहरू यसलाई गिजोलेर धमिलो पानीमा माछा मार्न सकिन्छ कि भनेर घुसपैठ गर्न सल्बलाइरहेका छन् ।

खासगरी, यिनले यी सुदखोरको अत्याचारलाई लेनदेनको मात्र समस्या भन्दै पीडितको आन्दोलनलाई निस्तेज पार्न खोजिरहेका छन् । यसलाई समयमै नसम्हाल्ने हो भने यसले निम्त्याउने सामाजिक विग्रह हामी सबैले अन्दाज गरेभन्दा भयानक हुनेछ ।

यी सबैको अन्तर्यमा भने आम मानिसको आम्दानी, रोजगारी र जीवनयापनको सहज अवस्थाको खोजी जोडिएको छ । यसले हाम्रो समाजमा जीवनको मुख्य आधार खानेकुराको बन्दोबस्तमा गम्भीर संकट आएकोतर्फ इंगित गर्दैछ । हामी सबैलाई थाहै छ, नेपाली समाज अहिले आफ्नै सन्तानको रगत-पसिनाको निर्यात गरी खाद्यान्नका नाममा पत्रुखाना आयात गरेर बाँचिरहेको छ ।

खेतबारी बाँझै बसेका छन् भने आयात दिनदिनै बढेको छ । यसलाई व्यवस्थित गर्ने जिम्मेवारी लिएको राजनीतिक अगुवाको जमात भने आफ्ना छुद्र स्वार्थका वरिपरि झिंगेदाउमा मात्र व्यस्त छन् । उल्टै किसानी र स्थानीयतामा आधारित खेतीपातीको परम्परा उन्नत बनाउनुको साटो आधुनिक कृषिको रट लगाउँदै प्रत्यक्ष वैदेशिक लगानी, कृत्रिम रसायन र विष मात्र भित्र्याउन उद्यत छ ।

त्यसो त आम मानिसको जीवनमा आएको संकटका आयाम अर्थ-राजनीतिमा मात्र सीमित छैनन् । प्रकृति र वातावरणको ह्रास थप कहालीलाग्दो छ । केही दशकयता जलवायु परिवर्तनको रौद्ररुप देखिन थालेको छ । यसको प्रभावले अहिलेको सामाजिक र आर्थिक विग्रहलाई आगोमा घिउ थप्ने काम भएको छ । हामी यसको सबैभन्दा छिटो र गहिरो प्रभाव झेल्न बाध्य छौं । यसअघिका वर्षहरूमा बाढीपहिरो र डुबानका रूपमा प्रकट भएको जलवायु संकट यस वर्ष भने हिउँदे झरी नभएसँगै खडेरीको रूपमा प्रकट हुने संकेत देखिएको छ । डोजर आतंकले पहाड र चुरे दोहनले तराई मधेश मरुभूमिकरणको चपेटामा छ ।

यीसँगै, हाम्रो खाना र खेतीपातीसँग जोडिएका कतिपय संरचनागत विभेदका समस्या अझैसम्म सम्बोधन भएका छैनन् । खासगरी, खानाका लागि खेतीपाती गर्ने सामाजिक उद्यमी किसानको जमिनमा पहुँच छैन । उदाहरणका लागि, झण्डै २५ प्रतिशतभन्दा बढी खेतीयोग्य जमिन बाँझो छ भने उत्तिकै संख्यामा खेतीपाती गर्ने किसान भूमिहीन छन् ।

भूमि सुधारका लागि भन्दै बनेका आयोगहरू राजनीतिक पार्टीका प्यूसा साबित भएका छन् । सरकारसँगै फेरिने यी आयोग कार्यकर्ता भर्तीकेन्द्र र आफ्ना मान्छेलाई आश्वासन बाँड्ने मतियार भएका छन् । तीन दशकदेखि यिनले यो भूमिको समस्या सल्टाउने भन्दा झनै गिजोल्ने गरेको तितो अनुभवका हामी सबै साक्षी छौं ।

### यस्तो किन भयो ?

समग्रमा सात दशकभन्दा बढी आधुनिक हुने नाममा अरूको मात्र नक्कल गर्दै विकासे दौडमा सामेल भएर बितायौं । यो दौडमा सामेल भएर प्रकृति मात्र ध्वस्त बनाएनौं, सिङ्गो समाजलाई परनिर्भर बनाउन गर्न सक्ने जति गर्‍यौं ।

उपनिवेशी शासकले बाँडेका विकासे सपनामा बरालिएको हाम्रो चेतले प्रतिव्यक्ति आम्दानीले निर्धारण गर्ने विकास पछ्याउने दौड मात्र हाम्रो भविष्यको गन्तव्य बन्यो । यसले मुट्ठीभरलाई विकास त दियो तर समाजले आत्मलघुता, तीव्र गतिमा वातावरणीय स्रोतको क्षय, प्रदूषण, मधुमेह र क्यान्सर जस्ता नसर्ने रोगहरू उपहारमा पाएको छ ।

आफ्ना स्रोत-साधनमाथिको नियन्त्रण गुमाइरहेका हामी विस्तारै भविष्यका सन्ततिको नासो बेचेर गुजारा गर्ने निकम्मा पुस्तामा दरिन थालेका छौं । यसको अर्थ हाम्रा भौतिक आवश्यकता पूरा गर्नुपर्दैन भन्ने होइन तर सस्तो र क्षणिक फाइदाका लागि भविष्यका पुस्ताको नासो बेचेर नखाऔं भन्ने हो । यसरी आधुनिक हुने नाममा भित्र्याएको उत्ताउलो औद्योगिक विकासको असर अहिले क्यान्सर जस्तै हाम्रो सामाजिक जीवनका सबै अंगमा फैलिँदै गएको छ ।

समृद्धिका नाममा यस्तो उत्ताउलो विकास भित्र्याउन हामी सबै र उस्तै जिम्मेवार छैनौं तर निहित समूहको स्वार्थले संकटग्रस्त बन्दै गएको प्रकृति, समाज र यसले आफ्नै जीवनमा पारेको प्रभावलाई प्रश्न उठाउन भने पक्कै चुक्यौं । खासगरी एक आयामिक पानीको फोका जस्तो विकासे अर्थतन्त्रको ढाँचालाई आदर्श मान्ने परनिर्भर मानसिकतामाथि प्रश्न गर्न सकेनौं ।

हुनत यो नेपालमा मात्र भइरहेको कुरा पनि होइन । सँगै, राजनैतिक वाद र विचारधाराको भिन्नताले मात्र भित्रिएको विकृतिको त झनै होइन । आयातित स्रोत र ज्ञानले ल्याएको विकासले गर्दा समाजले सामुदायिकतासँगै मानव विवेक र एकापसको भरोसा नै गुमाएको छ । दलाल विश्व पूँजी बजारका लागि गिट्टी-बालुवा मात्र हैन, मान्छे बेच्न उद्यत छ । यिनैले पालेपोसेको सत्ता यसैमा मलजल गरेर आउने विप्रेषणको खरानी घसेर समृद्धि यात्रामा मग्न छ ।


यस दृष्टिले पूँजीवादी होउन् वा साम्यवादी, स्रोतको दोहन गरेर समृद्ध हुने कुराको नक्कल अर्थात् अन्धभक्ति गर्ने उपनिवेशी संस्कृतिले निम्त्याएको विकृति हो । यस अर्थमा, स्थानीय विशेषताको प्रकृतिसम्मत उन्नतिको आधार नखोजी बाँड्ने समृद्धि सपना एउटा ढोंग हो । यो सपना बाँड्ने र यही पत्याएर यिनैका पछि लाग्ने सबै ढोंगी हुन् ।

यस्ता संकटको दीर्घकालीन समाधान गर्ने सोच विना नेपाली समाज उन्नत बनाउन सकिँदैन । अहिले सबै विकृति र संकट सत्ताले आसेपासे अर्थतन्त्रको सहारा लिएर आफैंले भित्र्याएको हो । त्यसैले यसले आफैंले भित्र्याएको विकृतिसँगै खाना, खेतीपाती, वातावरण लगायत संकटको सम्बोधन गर्न सक्छ भनेर पत्याएसम्म नेपाली समाज उन्नत हुने सपना पूरा हुँदैन ।

खासगरी, खानाको बन्दोबस्त गर्ने खेतीपातीको ढाँचा नबनाई आम समुदायको जीवनयापनका संकट टार्न सकिँदैन । सँगै, यस्तो ढाँचा अहिले देखिएका वातावरणीय संकट सम्बोधनको बृहत् सोच विना सम्भव छैन ।

किनकि तथ्यले के पुष्टि भएको छ भने धेरै ढिलो हुँदै जाँदा जलवायु परिवर्तन जस्तो बृहत् व्यवहारको सामना गर्ने कुनै उपाय समेत बाँकी रहँदैन । तसर्थ, समय छँदै विचार गरौं । अन्यथा पछुताउनु बाहेकको कुनै विकल्प बाँकी रहने छैन/स्रोतः अनलाईनखबर)

# कहिल्यै स्कुल नगएकी हजुरआमाको अंग्रेजी !



✍राधिका ढकाल

कुरा यही शुक्रबारको हो, म मेरो गाउँ गोरखा जाँदै थिएँ । बालाजु पुगेर बसमा चढेँ । गाउँको बस भएर होला भिडभाड नै थियो । मेरो टिकट ड्राइभर भन्दा पछाडिको सिटको थियो । म आफ्नो सिटमा गएर बसेँ । बस गुड्न थाल्यो ।

सहचालक बसको ढोकाबाट गोर्खा, गोर्खा भन्दै थिए । म बसेको सँगै अर्को सिट भने खाली नै थियो । बस कलंकी पुगेर रोकियो । मेरो छेउको सिटमा मेरै गाउँकी हजुरआमा बस्नुभयो । आमा सिटमा आइसकेपछि उहाँलाई नमस्ते गरी आशीर्वाद लिन भ्याएँ र उहाँलाई झ्याल भएतिर बस्नू भनेँ ।

हजुरआमा चौरासी वर्ष कटिसक्नु भएको थियो । पोहोर साल मात्रै हजुर आमाको चौरासीको पूजा गरिएको थियो । हजुरआमा देख्नलाई एकदम हट्टाकट्टा हुनुहुन्छ । शरीर पनि स्वस्थ तन्दुरुस्त देखिनुहुन्छ ।

नागढुङ्गाको ओरालो लागेपछि हजुर आमाले भन्नुभयो- 'ला-ला नानी, मेरो फेसबुकमा ट्राभलिङ टु गोर्खा लेख् त । म आँखा देख्दिनँ चस्मा नलगाई ।' म तीनछक्क परेँ आमाको कुराले । कहिल्यै स्कुल नगएकी हाम्रो हजुरआमा बुढेसकालमा अंग्रेजी शब्द फुराउँदै हुनुहुन्छ । मुसुक्क हाँस्दै उनको मोबाइल समाएर सोधेँ- 'आमा, यो ट्राभलिङ टु गोर्खा भन्या चाहिँ के हो ?'

उनले मेरो कुरा भुइँमा पुग्न नपाउँदै जवाफ फर्काउन भ्याइहालिन्, 'गोर्खा जाँदैछु भनेर जनाको नि, यत्ति पनि थाहा छैन कि क्या हो मलाई ।' मैले खित्का छोडेर नै हाँसेँ अब चाहिँ । 'होइन होइन, जिस्केको मात्रै' मैले भनेँ । आमा धेरैजसो काठमाडौं नै बस्नुहुन्छ । उहाँहरूले दुई वर्ष जति भयो गोर्खा छोड्नुभएको । गोर्खा हुँदासम्म आमा फरिया-चोलोमा हातभरि रातै चुरा, कपालमा धागो, सिउँदोभरि सिन्दुर, निधारमा ठूलो टीका, नाकमा बुलाकी लगाउनुहुन्थ्यो । यसरी सोसल मिडियाबारे थाहा पाउनु त टाढाको कुरा ।

गाउँमा हामी केटीहरूले पाइन्ट, स्कर्ट लगाएको त देखिसहनु हुन्न थियो । छोरी भएर के लगाएको भन्नुहुन्थ्यो । काठमाडौं आएपछि साँच्चै हजुरआमामा परिवर्तन आएछ । अहिले हजुरआमा कुर्ता र लेगेन्समा हुनुहुन्छ । रातोभन्दा अरु रङ नै न लगाउने हजुरआमाको फेबरेट कलर पहेँलो हो रे । जे होस् यो एकदम खुसीको कुरा हो हाम्रो लागि, ठाउँ परिवेशअनुसार आफूमा परिवर्तन ल्याउनु भएछ हजुर आमाले । काठमाडौंदेखि गोर्खा पुग्न मिनीबसमा चारदेखि पाँच घण्टा लाग्छ । कहिले त ६ घण्टै लगाइदिन्छ । तर आज जति लगाए पनि मलाई अल्छी भने केही लाग्ने थिएन । लागोस् कसरी, साइडमा हजुरआमा जो हुनुहुन्थ्यो ।

हजुरआमाले अर्को प्रसङ्ग जोड्न लाग्नुभयो । 'अ नानी, साँच्ची त्यो जनता जान्न चाहन्छ भन्ने पत्रकार क्या ऋषि धमला त्यसको बारेमा के-के भन्दै थिए त थाहा पाइस् ?' 'कसले भन्यो तपाईंलाई ?' मैले जिज्ञासु शैलीमा सोधेँ । 'युट्यबमा हेरेको नि, तँलाई थाहा छैन त्यो कुन्नी के नाम भा केटी हो यस्तो उस्तो भन्दै थिई । अनि त्यो घण्टी चिन्न लेर गृहमन्त्री भाको त्यो ठूलो स्वर हालेर बोल्नी पत्रकारलाई पनि त देशकै नागरिक हैन भन्दै पद नै खारेज गरेछन् । ती पत्रकारले फेरि बाह्र भाइ मिलेर मलाई सके भन्दै थियो ।'

म बडो अचम्ममा थिएँ आमाको यो अपडेट देखेर । थाहा नभएको त विषय नै छैन । उनी मोबाइल चलाउन लागिन्, मेरो ध्यान उनीमै थियो । साँच्चै समयले कोल्टे फेरेकै रहेछ । यी हजुरआमा गाउँमा हुँदा कति दुःख गर्नुहुन्थ्यो । मेलापात, घाँस-दाउरा गरी जीवन धान्नु भएको थियो। अंकल अमेरिका गएपछि त हजुरआमाको मुहार नै फेरिएछ । गाउँमा हुँदा चाउरी परेका ती छाला रसिला भएछन्, दाउराले कोतारेका दाग नै दाग हुने हातगोडा सुकिला भएछन् । काठमाडौंको घरभित्रको एउटै कोठामा बसेर प्रविधिसँगै रमाउँदै हुनुहुँदो रहेछ । बेनिघाट पुगेर बस खाजा खान रोकियो, हजुराआमा र म ओर्लियौं । फ्रेस भइयो, हामी दुई जना मिलेर माछा फ्राइ खायौं । गफको सिलसिला बढ्दै थियो ।

'स्लो मो बनाइदे त नानी मेरो एउटा' रे ! म फरि अक्क न बक्क भएँ । हजुरआमाले मलाई झड्का दिइरहनु भएको छ बेलामौकामा । अब चाहिँ हैन यो बुढी आमालाई थाहा न भएको चाहिँ के छ भन्ने लाग्यो । म डिच्च दाँत देखाएर हस् भन्दै उनको हातबाट मोबाइल समाएको मात्रै थिएँ 'ए पख-पख्, प्रोटेडबाट खिच है राम्रो आउँछ' भन्न भ्याउनु भयो । म दंग पर्दै बनाइदिएँ अनि भन्नुभयो- 'लौ नानी, त्यहाँ क्याप्सन लेख्-लेख् मेरो आँखाले ठम्याएन ।'

ठम्याओस् पनि कसरी ? पावरवाला चस्मा लगाउनुपर्ने ठाउँमा आमाले सनग्लास लगाएर गएपछि । मैले उत्सुक हुँदै सोधेँ- 'के लेखौं हजुरआमा ?' आमाको जवाफ- 'गोर्खा जाँदै गर्दा बेनिघाटमा लिएको ।'

...बाँकी पृष्ठ ३ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : ज्ञान र क्षमतामा वृद्धि हुने समयको योग छ । |
| वृष | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| मिथुन | : रोकिएका कामहरु पूर्ण हुने समय योग छ । |
| कर्कट | : धार्मिक र सामाजिक कामले मन शान्ति होला । |
| सिंह | : धार्मिक काममा रुचि बढ्ने समय योग छ । |
| कन्या | : मिहिनेतले मान–सम्मान बढ्ने समयको योग छ । |
| तुला | : परीक्षा–प्रतियोगिताका काममा सफलता नहोला । |
| वृश्चिक | : धार्मिक र परोपकारजन्य काममा समय बित्ला । |
| धनु | : आलस्यले डेरा जमाउने समयको योग छ । |
| मकर | : प्रतियोगी र प्रतिद्वन्द्वीसँग विजय प्राप्त हुनेछ । |
| कुम्भ | : सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । |
| मीन | : आँटे ताकेका कामहरु सम्पन्न हुने समयको योग छ । |

# शंकरज्योतिको चार कोठे भवन उद्घाटन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ सिमलटारस्थित शंकरज्योति आधारभूत विद्यालयको नवनिर्मित ४ कोठे भवन उद्घाटन गरिएको छ । सोमबार विद्यालयको २७ औं अभिभावक भेलाको अवसरमा नवनिर्मित भवनको हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले उद्घाटन गर्नुभएको हो । जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले ७० लाख रुपैयाँको लागतमा निर्माण गरेको भूकम्प प्रतिरोधात्मक भवनको नगर प्रमुख लामाले उद्घाटन गर्नुभएको हो ।

नगर प्रमुख लामाले सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा सुधार आवश्यक रहेको बताउनुभयो । उहाँले पूर्वाधारका हिसाबले सामुदायिक विद्यालय अव्बल देखिए पनि शिक्षाको गुणस्तरमा कम्जोर रहेको र सुधार आवश्यक रहेको स्पष्ट पार्नुभयो । उहाँले विद्यालयमा शिक्षकले दिएको शिक्षाको मात्र भर परेर नबस्न अभिभावकलाई आग्रह गर्नुभयो । विद्यालयमा लिएको शिक्षासँगै आफुले पनि घरमा बालबालिकाको अवस्था, विचार र धारणाका बारे जानकार हुन आवश्यक रहेको उनको भनाइ थियो । विद्यालय गएका आफ्ना बालबालिकाको पढाईको अवस्था, साथी-संगतका कुरामा ध्यान दिन सकेमात्र बालबालिका अव्बल हुन सक्ने भन्नुहुँदै नगर प्रमुख लामाले अभिभावकहरु चनाखो हुन जरुरी रहेको बताउनुभयो । उपमहानगर शैक्षिक प्रणाली सुधारको पक्षमा रहेको भन्नुहुँदै उहाँले शिक्षक र अभिभावकको सकारात्मक भूमिका हुन आवश्यक रहेको बताउनुभयो ।

कक्षा ८ सम्मको अध्यापन हुने विद्यालयमा रहेको पुरानो कच्ची भवनहरु जिर्ण हुँदै गएसँगै भवन अभावका कारण समस्या हुँदै आएको थियो । करिब ५ सय विद्यार्थी रहेको विद्यालयमा अहिले पनि भवनको अभाव रहेको अभिभावक भेलामा प्रधानाध्यापक मुकुन्द न्यौपानेले जानकारी दिनुभयो । उहाँले पुराना भवन जीर्ण हुँदै गएकाले विद्यालयका लागि थप ८ कोठाको नयाँ पक्की भवन आवश्यक रहेको बताउनुभयो ।

प्रधानाध्यापक न्यौपानेले अभिभावक भेलामा प्रस्तुत गरेको प्रतिवेदन अनुसार राप्ति किनारमा रहेको विद्यालयमा गर्मीको समयमा पानीको अभाव हुने उल्लेख छ । अभिभावक भेलामा प्रधानाध्यापक न्यौपानेले प्रस्तुत गरेको प्रतिवेदनमा विद्यालयले आर्थिक बर्ष २०७७/०७८ मा १ करोड ११ लाख ३७ हजार बराबरको आयव्यय गरेको उल्लेख छ ।

अभिभावक भेलामा विद्यालयको पूर्वशिक्षक रामबहादुर थापालाई बिदाई गरेको छ भने उत्कृष्ट शिक्षकको रुपमा कविता गौतम, विन्दुसिं ठकुरी र सुशीला न्यौपानेलाई सम्मान गरेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यबहादुर खुलालको अध्यक्षतामा भएको अभिभावक भेला तथा विद्यालय भवन उद्घाटनमा हेटौंडा-११ की वडा अध्यक्ष जुना दाहाल, वडा सदस्य गोपिनी सापकोटा, विकास नेपाल, गीता सुनार, उपमहानगरका शिक्षा विकास अधिकृत रमेश बिडारी, टोल विकास सस्या वडा समन्वय समिति अध्यक्ष यज्ञबहादुर आचार्य, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष कमलचन्द्र सुमनले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# शिवशिखरका बचतकर्ताहरुद्वारा बिरोध प्रदर्शन




समाज संवाददाता

**हेटौंडाः हेटौंडा-४, पारिजातपथमा रहेको शिवशिखर बहुद्देश्यीय सहकारी संस्थामामा ताला लगाएर सञ्चालक फरार भएपछि बचतकर्ताहरु आन्दोलनमा उत्रिएका छन् । ४ हप्ता अगाडि नै बन्द भएको सहकारीका बचतकर्ताहरुले सोमबार सहकारीको कार्यालयअगाडि जम्मा भई बिरोध प्रदर्शन गरेका हुन् ।**

**मुख्य कार्यालय कौशलटार, भक्तपुरमा रहेर हेटौंडामा शाखा सञ्चालन गरेको शिवशिखर बहुद्देश्यीय सहकारी संस्था लिमिटेडमा ५ सय ६८ जना बचतकर्ताको खाता रहेको छ । सहकारी बन्द गरेर सञ्चालक फरार भएपछि बचतकर्ताहरुले करोडौं रुपैयाँ जोखिममा परेको बताएका छन् । २०७७ पुसमा शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भक्तपुरको शाखा खोलिएको थियो ।**

**हेटौंडा-११, थानाभन्याङ्गका बचतकर्ता पूर्णमाया परियारले खाता खोलेको १ वर्ष हुँदैछ । ऋणको लागि सहकारीमा भन्दा विभिन्न बहाना बनाउने र आफ्नो खातामा रहेको ७४ हजार रुपैयाँ कसरी उठाउने भन्नेमा आफू चिन्तित रहेको परियारले बताउनुभयो । यस्तै, शिरामाया राना मगर भन्नुहुन्छ– 'खातामा ६० हजार रुपैयाँ छ, स्थापना कालदेखि खाता खोलेको हो । आफ्नो पैसा कहाँबाट फिर्ता आउने हो थाहा छैन ।' हेटौंडा-२, संगमचोकका सत्यमान श्रेष्ठले पनि स्थापनाकालदेखि खाता खोलेर सहकारीमा १ लाख ७६ हजार रुपैयाँ बचत जम्मा रहेको बताउनुभयो । सहकारीका सञ्चालक सम्पर्कमा नभएको भन्दै उहाँले आफ्नो पैसा डुबेको जस्तै भइरहेको गुनासो गर्नुभयो ।**

**बचतकर्ताहरुले ४ नम्बर वडा कार्यालयमा गएर वडा अध्यक्ष नवीन सिग्देलसमक्ष ज्ञापनपत्रसमेत बुझाएका थिए । पत्र बुझ्दै वडा अध्यक्ष सिग्देलले वडाबाट हुने र सकेजति सहयोग गर्ने बताउनुभयो । बचतकर्ताले जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख राजेन्द्रदेव पाण्डेसमक्ष पनि ज्ञापनपत्र बुझाएका छन् ।**

## *कहिल्यै स्कुल नगएकी...*

बस चल्न सुरु भयो । हजुरआमाले म्यासेन्जरमा भिडिओ कल गर्न भ्याइन् । भिडिओ कलमा मसँगै पढेकी मेरी स्कुलको मिल्ने साथी, हजुरआमाको नातिनी थिइन् । उनी अहिले उसको बाबासँगै अमेरिका नै छिन् । केही क्षणको गफपछि फोन टुंगियो । हजुरआमालाई मोबाइल डाटाको ज्ञान, वाइफाई, पासवर्ड, फेसबुक, टिकटक, युट्युब सबै थाहा छ । अरुको पोस्टमा रियाक्ट गर्दै, रेडिमेट कमेन्ट गर्दै कुसका छोराछोरी कहाँ छन्, के पढ्छन्, कसको जन्मदिन, कसको एनिभर्सरी, को कहाँ घुम्न गयो प्रविधिमय जीवनको रामायण नै सुनाउन भ्याउनुभयो हजुरआमाले । ६ घण्टाको बाटो काटेको पत्तै नभई घर पुगियो हजुरआमाको गफले । जे होस् आमालाई दिन काट्ने बाटो भने राम्रै भएको रहेछ । प्रविधिमय विकासले हजुर आमाले धेरै कुरा सिक्न पाउनु भएछ । तर कतै यो सामाजिक संजाल भन्ने चिजले हामीलाई असामाजिक त बनाइरहेको छैन ? सोचौं त एकचोटि । अक्सिजन बिनाको केही पल कल्पना होला तर मोबाइल, नेट बिनाको जीवन कल्पना बाहिरको संसार जस्तो भइसकेको छ । प्रत्येक व्यक्तिलाई मोबाइल फोबिया भएको जस्तो । प्रायः सबैको प्रत्येक बिहानीको सुरुआत हातमा मोबाइल लिएरै हुन्छ । राशिफल, समाचार, सुनको मूल्य, डलरभाउ, मौसम, अरु केही नभए पनि फेसबुक, टिकटक, स्क्रोल । यत्ति नगरी उज्यालो भएर उठेजस्तो लाग्दैन ।

उठिहाले पनि मोबाइल बोकेर नै बाथरुम भित्र पस्नुपर्छ । अझ मेरो घरमा त एउटा कोठाबाट अर्को कोठामा बोलाउन परे पनि म्यासेज नै गर्नुपर्छ । सबै नमुना छन् । भाइ मोबाइल बोक्दै बाथरुम पस्छ । आमा मोबाइल हेर्दै भान्सामा । बहिनी मोबाइल चलाउँदै पढ्न बस्छे । म ल्यापटप कहिल्यै छोड्दै छोड्दिनँ । आमा भजन सुन्नुहुन्छ, लोक दोहोरी कार्यक्रम हेर्नुहुन्छ । बहिनी अहिले बाह्र वर्षकी भई । उमेरको हिसाबले मभन्दा दश वर्ष सानी छ तर पनि उसलाई गुगलमा भेटिने चिजहरु मलाई भन्दा धेरै थाहा छ । बिहान जुरुक्क उठेर एउटा टिकटक पोस्ट गर्छे र दिनको सुरुवात गर्छे । भान्सामा नयाँ केही पाक्यो भने स्टोरी हाल्न भ्याइहाल्ने । नयाँ त केही देख्नै हुन्न, भिडियो बनाउने हो कि फोटो बनाएर टिकटक, इन्टाग्राम, फेसबुक सबै तिर स्टोरी हाल्न भ्याउँछे ।

'किन हाल्छौ यसरी?' मैले प्रश्न गर्दा उसले भन्छे- 'एक्टिभ छु भन्ने जनाएको ।' पहिले घरमा कोही पाहुना आउँदा हालखबर सोधिन्थ्यो भने आजभोलि वाइफाईको पासवर्ड सोध्छन् । बहिनी र आमा एकसाथ हुनै हुँदैन, आमाले नजानेको छोरीसँग अनि छोरीले नजानेको आमासँग पालैपालो सिकाउने सिक्ने गर्छन् । खानाखाने बेलामा त झन् खानाको प्लेटसँगै मोबाइल अगाडि सार्नुपर्छ । यसको फाइदा र बेफाइदा दुवै भएको हुँदा प्रचलनमा आएका साधनलाई राम्रो आधार बनाउने हो भने यसबाट भरपूर फाइदा लिन सकिन्छ । प्रत्येक पटक सामाजिक संजालको प्रयोग गर्नुभन्दा पहिला केको लागि र किन, कति समय भन्ने सोचविचार गर्नुपर्दछ ताकी यसको दुरूपयोग नहोस् । सामाजिक संजाल वर्तमान समयमा क्षमता अभिवृद्धिका प्रमुख साधन भएको छ । त्यसैले यसलाई एउटा अवसरको रूपमा प्रयोग गर्ने गरौं । *(स्रोतः सेतोपाटी)*

**मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक**

**मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।**

**मकवानपुर सहकारी अस्पताल**
**हेटौंडा-१, भिन्तुनापथ**
**०५७-५२६५८७**

**मकवानपुर बालविद्या सदन**
**हेटौंडा-१८, खड्कुले**

**वार्षिक परीक्षाको तयारी सम्बन्धमा अभिभावक तथा विद्यार्थी वर्गलाई अनुरोध**

मिति २०७९ चैत्र ९ गते (कक्षा ८ र ९) तथा १० गते (अन्य कक्षाहरु) देखि संचालन हुन गैरहेको वार्षिक परीक्षाका लागि आफ्ना बालबालिकाहरुलाई विद्यालयले तोकेको समयमा पूर्ण तयारीका साथ पठाउन हुन अनुरोध गरिन्छ । यो वर्षको अन्तिम परीक्षा भएकोले विद्यार्थीहरु अनिवार्यरुपमा रुपमा परीक्षामा उपस्थित रहनुपर्नेछ ।

**अभिभावकले ध्यान दिनुपर्ने कुराहरू ।**
१. विद्यालयको यस वर्षको सम्पूर्ण शुल्क बुझाएको हुनुपर्नेछ ।
२. प्रवेश पत्र अनिवार्य रुपमा विद्यार्थीको साथमा पठाउनु पर्नेछ ।
३. अनिवार्य रुपमा विद्यालय पोशाकमा पठाउनुपर्नेछ ।
४. परीक्षामा आवश्यक सम्पूर्ण सामाग्री साथमा पठाउनुपर्नेछ ।

**विद्यार्थी वर्गले ध्यान दिनुपर्ने कुराहरू ।**
१. सम्पूर्ण विषयको आवश्यक तयारी गर्नुपर्छ ।
२. विषय अनुरुप समय व्यवस्थापन गरी अध्ययन गर्नुपर्छ ।
३. कम्तिमा ६ घण्टा अनिवार्य निन्द्रा लिनुपर्छ ।
४. कोलाहल नहुने स्थानको छनौट गरी अध्ययनका लागि बस्नुपर्छ ।
५. नआउने प्रश्न भएमा कुनैपनि माध्यमबाट शिक्षकको सहयोग लिनुपर्छ । (सहयोगी शिक्षक जुनसुकै बेला उपलब्ध हुनेछ)
४. प्रश्नपत्र ध्यान दिएर पढ्नुपर्छ । प्रश्नले सोध्न खोजेको कुरा बुझ्ने कोसिस गर्नुपर्छ र संयमित भई उत्तर लेख्नुपर्छ ।
५. सकेसम्म कुनै प्रश्न छोड्नु हुँदैन । र उत्तरपुस्तिका बुझाउनु अघि ध्यान दिएर पुनः एकपटक हेर्नुपर्छ ।

(प्रवेश पत्र साथमा नभएका कुनैपनि विद्यार्थीलाई परीक्षा केन्द्रमा प्रवेश गर्न दिइने छैन ।)

**विद्यालय प्रशासन**

**हार्दिक श्रद्धाञ्जली**




जन्मः
२०३४/०१/०४

स्वर्गारोहणः
२०७९/११/२५

एन्जिल मेडिकल हलका सञ्चालक आदरणीय जीतबहादुर श्रेष्ठको असामयिक निधनले हामी मर्माहत भएका छौं । **आज १३ औं दिन**को पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**सुनित डंगोल**
**एन्जिल मेडिकल हल परिवार**

**ज्ञानेन्द्र गोपाल श्रेष्ठ**
**श्रेष्ठ फार्मेसी**
**हेटौंडा-१०, टिसिएनरोड**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

**सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि**

## अन्तरपालिका फुटबल प्रतियोगिता

# मकवानपुरगढी सेमिफाइनलमा प्रवेश



*म्यान अफ द म्याच गढीका कप्तान सुमन बोम्जनलाई ट्रफी प्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो संस्करणको मकवानपुर जिल्लास्तरीय अन्तरपालिका फुटबल प्रतियोगिता अन्तर्गत सोमबारको खेलमा मकवानपुरगढी गाउँपालिकाले विजयी हुँदै सेमिफाइनलमा प्रवेश गरेको छ । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा इन्द्रसरोवर गाउँपालिकालाई सडेनडेथमा हराएको हो ।

निर्धारित समय १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकर पनि बराबरीपछि खेल सडनडेथमा पुगेको थियो । खेलमा सुरुवाती अग्रता इन्द्रसरोवरले लिएको थियो । खेलको १८ औं मिनेटमा इन्द्रसरोवरका अरुण शाहले गोल गरे । खेलको ७२ औं मिनेटमा विकास तितुङ्ले गोल गर्दै गढीलाई खेलमा फर्काएको हो । निर्धारित खेल १-१ गोलको बराबरी भएपछि टाइब्रेकरमा पुगेको खेलमा दुबै टिमका खेलाडीले प्रहार गरेको बल गोलमा परिणत हुँदा ५-५ गोलको बराबरी भयो । सडनडेथमा भने इन्द्रसरोवर गाउँपालिकाका अरुण शाहको प्रहार मकवानपुरगढीका गोलरक्षकले रोकेका थिए । मकवानपुरगढीका विकास थिङले प्रहार गरेको बल गोलमा परिणत भएसँगै मकवानपुरगढी विजयी भएको हो ।

खेलको म्यान अफ द म्याच गढीका कप्तान सुमन बोम्जन घोषित भए । म्यान अफ द म्याच बोम्जनलाई बागमती प्रदेश सभा सदस्य लक्ष्मी श्रेष्ठले ट्रफी हस्तान्तरण गर्नुभयो । सोमबारको खेल हेर्नका लागि जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी नेपाली रंगशाला पुग्नुभएको थियो ।

प्रतियोगितामा साविक उपविजेता हेटौंडाले यसअघि बकैया गाउँपालिकालाई हराउँदै सेमिफाइनल प्रवेश गरिसकेको छ । गढीले अब बिहीबार सेमिफाइनलमा साविक विजेता थाहा नगरपालिका र बागमती गाउँपालिकाबीच विजेतासँग खेल्नेछ । प्रतियोगिता अन्तर्गत मंगलबारको खेलमा सेमिफाइनल प्रवेशका लागि भीमफेदी गाउँपालिका र मनहरी गाउँपालिकाबीच प्रतिस्पर्धा हुनेछ । मंगलबारको दोस्रो खेलमा सेमिफाइनल प्रवेशका लागि बागमती र थाहाबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल चैत ११ गते हुनेछ । प्रतियोगिताको विजेताले २ लाख रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद एकलाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

## निबन्ध प्रतियोगितामा भण्डारी प्रथम

समाज संवाददाता

हेटौंडाः राडो नेपालको आयोजना तथा प्लान नेपालको आर्थिक सहयोगमा मकवानपुरको मकवानपुरगढी गाउँपालिका-५ स्थित शारदा माविमा निबन्ध प्रतियोगिता भएको छ । मानव बेचबिखन नियन्त्रणमा युवाको भूमिका शिर्षकमा भएको प्रतियोगितामा गोमा भण्डारी प्रथम, समिक्षा गौतम द्वितीय र सन्ध्या तिरुवा तृतीय भएका छन् ।

मानव बेचबिखनविरुद्धको प्रोटेक्ट परियोजनाका कार्यक्रम अधिकृत सुनिल चिमरियाले प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गर्नुभयो । मानव बेचबिखन हुने कारण, यसलाई न्यूनीकरण गर्ने उपाय र यसबाट समाजमा देखिने असरका विषयमा पनि कार्यक्रम अधिकृत चिमरियाले बाताउनु भएको थियो । कार्यक्रममा २२ जना विद्यार्थीको सहभागिता रहेको युवा अभियन्ता स्वीकृति न्यौपानेले जानकारी दिनुभयो । कार्यक्रममा सामाजिक परिचालक रामकृष्ण तिमिल्सिना र रेनुका न्यौपानेसँगै युवा अभियन्ताको पनि उपस्थिति रहेको थियो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

## आधुनिकको शिक्षक अभिभावक संघ गठन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको शिक्षक अभिभावक संघ गठन भएको छ । विद्यालय व्यवस्थापन समितिको पूर्ण बैठकले शिक्षा नियमावलीअनुसार गठन हुने शिक्षक अभिभावक संघ कार्यकारी समिति गठन गरेको छ ।

आइतबार गठन भएको कार्यकारी समितिको अध्यक्षमा केदारप्रसाद ढोडारी चयन हुनुभएको छ । सदस्यहरुमा सरस्वती श्रेष्ठ, अमिना खातुन, लीला फुयाँल, शोभा वाईबा, ज्ञानेन्द्र मानन्धर, प्रतीक चौलागाई र पदेन सदस्यमा मोहमद समिम र रामसागर गुरागाईं रहनु भएको छ । शिक्षकहरुमध्येबाट छनोट हुने दुई सदस्य पछि मनोनित हुने गरी शिक्षक- अभिभावक संघ गठंन भएको हो ।

विद्यालय व्यवस्थापन समितिको बैठकले तीन सदस्यीय सल्लाहकार समिति गठन गरेको छ । समितिमा निवर्तमान अध्यक्ष चित्तबहादुर विक, कानुन व्यवसायी मदन दहाल, समाजसेवी राधा कोइरालालाई मनोनयन गरिएको छ । साथै समितिको बैठकले विद्यालयको सूचना अधिकारीको जिम्मेवारी शिक्षक कृष्णगोपाल श्रेष्ठलाई दिएको छ। विद्यालयको अधिकारिक सूचनाहरु समुदायमा एवम् सरोकारवालाहरुमाझ पुऱ्याउने जिम्मेवारी सूचना अधिकारीको रहने प्रधानाध्यापक रामसागर गुरागाईले जानकारी दिनुभयो । यसअघि चैत २ गते विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहम्मद समिमले पदभार ग्रहण गर्नुभएको थियो । १२ कक्षासम्म पठनपाठन हुने आधुनिक राष्ट्रिय माविमा दुई हजार छ सय १३ जना विद्यार्थी अध्ययनरत छन् ।

## रुखबाट लडेर महिलाको मृत्यु

समाज संवाददाता

हेटौंडाः घाँस काट्ने क्रममा रुखबाट लडेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर-३ की ३८ वर्षीया राजलक्ष्मी गोले रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

आइतबार गोले चौतारा सामुदायिक वनमा घाँस काट्न गएकी थिइन् । घाँस काट्ने क्रममा रुखबाट खसेर गोलेको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## प्रदेशस्तरीय प्रतियोगिता बैशाखमा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता बैशाख १ गतेदेखि ३ गतेसम्म हुने भएको छ । जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनोट भएका खेलाडीहरु प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुनेछन् । खेलाडीहरुलाई एकै ठाउमा बन्द प्रशिक्षणमा राख्न सम्भव नहुने अवस्था भएमा सम्वन्धित पालिका वा विद्यालयलाई नियमित प्रशिक्षणका लागि आग्रह गराइएको छ ।

## सकियो क्यान इन्फोटेक मेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय सूचना प्रविधि मेला (क्यान इन्फोटेक) सोमबार समापन भएको छ । कम्प्युटर एसोसिएशन मकवानपुरको मुख्य आयोजनामा हेटौंडामा चैत्र २ गतेदेखि गत मेला सुरु भएको थियो । कार्यक्रमको समापनमा बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईलगायतको आतिथ्यता थियो ।

मेलामा कम्प्युटर सफ्टवयेर तथा हार्डवेयरहरुको प्रदर्शनी, बिक्री स्टल राखिएको थियो । यस्तै, प्रिन्टरलगायत सूचना प्रविधिका विभिन्न सामग्रीको प्रदर्शनी र खरिद बिक्रीका स्टलहरु मेलामा थिए । मेलामा सूचना प्रविधिसम्बन्धी विभिन्न प्रतियोगिता तथा सेमिनार आयोजना गरिएको थियो ।

कम्प्युटर तथा प्रिन्टरलगायत सूचना प्रविधिका सामग्रीको सर्भिसिङ क्याम्प, एप्लिकेशन डिभाइस, बीमासम्बन्धी प्रदर्शनी तथा बिक्रीका लागि २४ स्टल रहेका थिए । मेलामा अनलाइन पब्जी र रोबोर्टिक प्रतियोगिता भएको थियो । रोबोर्टिक प्रतियोगिताअन्तर्गत् रोबो सोसर र रोबो वार भएको थियो । रोबो सोसरको फाइनलमा काठमाडौंको ‘टिम रोबोबिस्ट’लाई पराजित गर्दै बुटवलको ‘टिम द गड फादर’ प्रथम भएको छ । रोबो वारतर्फ पनि टिम ‘द गड फादर’ प्रथम भएको छ ।

अनलाइन पब्जी प्रतियोगिताको फाइनलमा हेटौंडाको ‘एसवाईबिजी’लाई पराजित गर्दै हेटौंडाकै ‘जबलेस’ टिम प्रथम भएको छ । प्रतियोगितामा १६ टिम सहभागी थिए ।


हार्दिक बधाई



**नेपाल लेखापढी कानुन व्यवसायी एशोसिएसन केन्द्रिय समिति** सचिब, आत्मीय मित्र **आत्माराम मोक्तान** ज्यू २०७९ चैत्र ४ गते सम्पन्न नेपाल तामाङ्ग घेदुङ मकवानपुर समन्वय समितिको **८ औं अधिवेशन**बाट उपाध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको अग्रिम शुभकामना व्यक्त गर्दछु ।

राम प्रसाद गोपाली, अध्यक्ष
**नेपाल लेखापढी व्यवसायी एशोसिएशन शिखरकोट इकाई समिति, थाहा नगरपालिका**

हार्दिक आभार



**नेपाल रेडक्रस सोसाइटी**को आइतबार सम्पन्न **१५ औं कार्यसमितिको निर्वाचन** प्रक्रियाबाट मलाई मकवानपुर जिल्ला शाखाको सभापतिमा चयन गर्नु भएकोमा यस संस्थामा आवद्ध तपाईहरु सम्पूर्ण सदस्य,शभचिन्तक प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु साथै यस संस्थाले गर्दै आएको विपद व्यवस्थापन, सामाजिक सेवा र प्राथमिक उपचार जस्ता कार्यहरु मेरो कार्यकालमा अझ तद रुकताका साथ गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

लाल बहादुर थापा, सभापति
**नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुर**

हार्दिक बधाई तथा शुभकामना



**यस नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**का केन्द्रीय सचिव **आत्मराम मोक्तान**ज्यू नेपाल तामाङ घेदुङ संघ जिल्ला समन्वय समिति मकवानपुरको गरिमामय उपाध्यक्ष पदमा निर्विरोध चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**पूर्णप्रसाद अर्याल, अध्यक्ष, जिल्ला समन्वय समिति**
**पदमबहादुर बजगाई, हेटौंडा इकाई अध्यक्ष**
**तेजकुमारी थापा, अदालत इकाई अध्यक्ष**
**रामप्रसाद गोपाली, शिखरकोट इकाई अध्यक्ष**
**एवम् नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन मकवानपुर परिवार**

हार्दिक आभार



**नेपाल तामाङ्ग घेदुङ जिल्ला समन्वय समिति मकवानपुर**को शनिबार सम्पन्न **८ औं जिल्ला अधिवेशन**बाट मलाई सर्वसम्मत उपाध्यक्ष पदमा चयन गर्नु भएकोमा सम्पूर्ण सदस्य तथा शुभचिन्तकहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु साथै संस्थाले गर्ने कार्य तामाङ्ग भाषा लिपी, संस्कार र संस्कृतिलाई थप उचाइमा लैजाने प्रतिबद्धता व्यक्त गर्दछु ।

आत्माराम मोक्तान,उपाध्यक्ष
**नेपाल तामाङ्ग घेदुङ जिल्ला समन्वय समिति मकवानपुर**

हार्दिक आभार



**नेपाल तामाङ्ग घेदुङ जिल्ला समन्वय समिति मकवानपुर**को शनिबार सम्पन्न **८ औं जिल्ला अधिवेशन**बाट मलाई सर्वसम्मत अध्यक्षमा चयन गर्नु भएकोमा सम्पूर्ण सदस्य तथा शुभचिन्तकहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु साथै संस्थाले गर्ने कार्य तामाङ्ग भाषा लिपी,संस्कार र संस्कृतिलाई थप उचाइमा लैजाने प्रतिबद्धता व्यक्त गर्दछु ।

कालु घलान, अध्यक्ष
**नेपाल तामाङ्ग घेदुङ जिल्ला समन्वय समिति मकवानपुर**

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ